(मिति २०८१।०९। २५ गतेको गाउँ कार्यपालिकाबाट स्वीकृत)

# देवानगज्ञ गाउँपालिकाको छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि,२०८१

देवानगञ्ज गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देवानगञ्ज, सुनसरी

२०८१

CamScanner

# देवानगञ्ज गाउँपालिकाको छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि,२०८१

**प्रस्तावनाः**

देवानगञ्ज गाउँपालिकामा क्षेत्र रहेका दलित, विपन्न तथा सिमान्तकृत परिवारका विद्यार्थीहरु कमजोर आर्थिक अवस्थाको कारणले मानवको न्यूनतम आवशकता भित्र पर्ने शिक्षाबाट बन्चित हुन नदिन प्राविधिक तथा अप्राविधिक विषयमा अध्ययन गर्ने विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्ने व्यवस्था गर्न वाञ्छनीय भएकोले,

देवानगञ्ज गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**

१. यो कार्यविधिको नाम "देवानगञ्ज गाउँपालिकाको छात्रवृत्ति वितरण कार्यविधि, २०८१" रहेको छ ।

२. यो कार्यविधि देवानगञ्ज गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

३. यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा**

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "छात्रवृत्ति" भन्नाले यस कार्यविधिको दफा ३ मा उल्लेख भएको कुनै अध्ययन अनुसन्धान वा तालिमका लागि गाउँपालिकाले उपलब्ध गराएको आर्थिक अनुदान वा सुविधा सम्झनुपर्छ ।

ख. "कार्यपालिका" भन्नाले देवानगञ्ज गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग. "प्रमुख" भन्नाले देवानगञ्ज गाउँपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

घ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले देवानगञ्ज गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ङ. "शिक्षा शाखा" भन्नाले देवानगञ्ज गाउँपालिकामा रहेको शिक्षा हेर्ने शाखा वा इकाइलाई सम्झनु पर्दछ ।

च. "सि टि इ भि टी" भन्नाले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद सम्झनु पर्छ ।

छ. "सामुदायिक विद्यालय" भन्नाले स्थानीय तह वा व्यावस्थापन समितिले जिम्मा लिएको विद्यालयलाई सम्झनु पर्छ ।

ज. "दलित" भन्नाले अनुसूची २ मा सूचीकृत गरीएका जातजातिलाई सम्झनुपर्छ ।

३. **छात्रवृति प्रदान गरिने विषय**

यस कार्यविधि अन्तर्गत कक्षा ९ र १० (प्राविधिक मात्र), प्राविधिक/अप्राविधिक विषयमा ११, १२, स्नातक र स्नाकोत्तर तहमा कुनै पनि विषय अध्ययनको लागि छात्रवृत्ति प्रदान गर्न सकिनेछ । छात्रवृत्ति प्रदान गर्दा वार्षिक जम्मा शुल्कको कम्तिमा ५० प्रतिशत देखि अधिकतम ८० प्रतिशतसम्म प्रदान गर्न सकिनेछ ।

४. **छात्रवृत्तिको लागि आवश्यक आधारभूत मापदण्ड**

क. निवेदन पेश गर्नुपर्ने

कुनै उमेद्वारले यो छात्रवृत्ति प्राप्त गर्नका लागि सम्वन्धित विश्वविद्यालय वा शैक्षिक संस्थाको प्रवेश परीक्षा उत्तीर्ण भए पश्चात वडाको सिफारिस सहित अनुसूची १ वमोजिमको ढाँचामा स्पष्ट विवरण खुलाई गाउँपालिकाको कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

बेचन प्रसाद मेहता
अध्यक्ष

ख. देहायका मापदण्ड वा योग्यता पुगेको अवस्थामा मात्र अनुसूची १ बमोजिमको निवेदन उपर कारवाही गरी यो छात्रवृत्ति प्रदान गर्न सकिनेछ ।

क. आवश्यक न्यूनतम योग्यता प्राप्त गरेको,

ख. देवानगञ्ज गाउँपालिका भित्र स्थायी बसोवास भएको प्रमाण पेश गरेको,

घ. जेहेन्दार, दलित, विपन्न तथा सिमान्तकृत सूचीमा सूचीकृत भएको प्रमाण पेश गरेको,

ङ. सम्बन्धित विश्वविद्यालय वा शैक्षिक संस्थाको प्रवेश परीक्षा उत्तीर्ण भएको,

च. कुनै फौजदारी अभियोगमा कसुरदार नठहरिएको,

छ. कुनै राजनैतिक दलको सदस्य वा कार्यकर्ता नरहेको,

ज. नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय विश्वविद्यालय तथा शिक्षण संस्थाले तोकेको न्यूनतम मापदण्ड पुरा गरेको,

झ. अनुसूची ३ मा उल्लेखित कबुलियतनामा पत्रमा हस्ताक्षर गरेको

तर, यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भएता पनि एउटै व्यक्ति वा विद्यार्थीले यो छात्रवृत्ति एक पटक भन्दा बढी पाउने छैन ।

**५. उमेद्वार छनौटका आधारहरु :**

(१) छात्रवृत्ति छनौट तथा सिफारिस समितिले उपदफा २ मा तोकिएका आधारहरु पुरा गरेमा १०० पुर्णाङ्कको मूल्याङ्कन गरी प्रारम्भिक योग्यताक्रमको सूची तयार गरी गाउँपालिका समक्ष पेश गर्नेछ ।

(२) समितिले १०० पूर्णाङ्कको मूल्याङ्कन गर्दा तल उल्लेख गरिएका आधारहरुको पालना गरी अंक प्रदान गर्नेछ र सबभन्दा बढी अंक ल्याउने उमेदवारले पहिलो प्राथमिकता पाउनेछ ।

क. एक तह मुनिको कक्षामा प्राप्त गरेको प्राप्ताङ्क वापत तपसिल बमोजिमको अधिकतम ५० अंक दिइनेछ ।

- ६०% सम्म अंक प्राप्त गरेमा – ३५ अंक
- ७०% सम्म अंक प्राप्त गरेमा – ४० अंक
- ८०% सम्म अंक प्राप्त गरेमा – ४५ अंक
- ८०% भन्दा माथि अंक प्राप्त गरेमा – ५० अंक

ख. जेहेन्दार, दलित, विपन्न तथा सिमान्तकृत भएमा ३० अंक

ग. अपाङ्गता भएको, सख्त घाइते वा बेपता परिवार २० अंक

**६. छात्रवृत्ति छनौट तथा सिफारिस समिति:**

(१) छात्रवृत्ति प्रदान गर्ने प्रयोजनका लागि गाउँ कार्यपालिकालाई सिफारिस गर्न देहाय बमोजिमको छात्रवृत्ति छनौट तथा सिफरिस समिति रहनेछ ।

| | |
|---|---|
| क. अध्यक्ष | - संयोजक |
| ख. उपाध्यक्ष | - सदस्य |
| ग. प्रमुख प्रशासकिय अधिकृत | - सदस्य |
| घ. वडाध्यक्षहरु मध्येबाट गाउँ प्रमुखले मनोनित गरेका २ जना वडाध्यक्षहरु | - सदस्य |
| ङ. शिक्षा शाखा प्रमुख | - सदस्य सचिव |

वेचन प्रसाद मेहता
अध्यक्ष

CamScanner

(२) छात्रवृत्ति छनौट तथा सिफारिस समितिले आवश्यक देखेमा सम्बन्धित क्षेत्रको कुनै बिषय विशेषज्ञलाई सो समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(३) छात्रवृत्ति छनौट तथा सिफारिस समितिको बैठक सम्बन्धि कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**६. छात्रवृत्ति छनौट तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार:**

(१) छात्रवृत्ति छनौट तथा सिफारिस समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. छात्रवृत्ति शीर्षकमा बजेट विनियोजन तथा व्यवस्थापन गर्ने,

ख. गाउँपालिका क्षेत्र भित्र दलित अति विपन्न तथा सिमान्तकृत र जेहेन्दार विद्यार्थीको पहिचान गर्ने वा गर्न लगाउने,

ग. आवश्यक्ता अनुसार उमेद्वारको थप योग्यता तोक्न सक्ने,

घ. छात्रवृत्ति पाउनका लागि योग्य उमेद्वारको छनौट गरी गाउँ कार्यपालिकालाई सिफारिस गर्ने,

ङ. छात्रवृत्तिका लागि मनोनयन भएका उमेद्वारहरुलाई अनुसूची ३ बमोजिमको ढाँचामा कबुलियतनामा पत्र तयार गर्ने वा गर्न लगाउने,

च. छात्रवृत्ति प्राप्त उमेद्वारको प्रगति प्रतिवेदन तयार गरी गाउँ कार्यपालिकामा पेश गर्ने । तर यसरी प्रतिवेदन पेश गर्दा १ बर्षमा कम्तिमा २ पटक पेश गर्नु पर्नेछ ।

छ. गाउँ कार्यपालिकाले जिम्मेवारी प्रदान गरेका अन्य कार्यहरु गर्ने

तर,

यो कार्यविधिमा अन्यत्र जुनसुकै कुरा उल्लेख गरिएको भएता पनि कुनै वडाध्यक्ष वा निज संलग्न कुनै समितिले सिमित फाइदा वा कुनै मोलाहिजा राखि कार्यपालिकालाई उम्मेद्वार छनौट गर्न बाध्य बनाउन सक्ने छैन ।

**१०. विषय परिवर्तन गर्न नपाइने:** (१) छात्रवृत्ति छनौट तथा सिफारिस समितिले सिफारिस गरी कार्यपालिकाले निर्णय गरिसके पश्चात कुनै पनि उमेदवारले आफुले अनुमति प्राप्त गरेको बिषय वा तह परिवर्तन गर्न वा छोड्न पाउने छैन तर यदि छात्रवृत्ति फिर्ता गर्न चाहेमा सो रकम छात्रवृत्ति कोषमा जम्मा गरिनेछ ।

**११. पुन छात्रवृत्तिमा छनौट नगरिने:** (१) छात्रवृत्तिमा छनौट भएको कुनै व्यक्ति छात्रवृत्तिमा नगएमा त्यस्तो व्यक्तिलाई पुन अर्को छात्रवृत्तिका लागि छनौट गरिने छैन ।

(२) छात्रवृत्तिमा नजाने वा यस कार्यविधि बमोजिम कार्य नगर्ने व्यक्तिको अभिलेख गाउँपालिकाले अद्यावधिक गराइ राखेछ ।

**१२. प्रतिवेदन पेश गर्नु पर्ने:** (१) छात्रवृत्ति पाई अध्ययन वा तालिममा जाने व्यक्तिले सो अध्ययन वा तालिम सकिएको मितिले बढीमा ३ महिना भित्र प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन पेश भएको मितिले ६ महिनाभित्र सरकारको स्वामित्व भएको वा सरकारले आर्थिक सहायता प्रदान गरेको कुनै निकाय वा संस्थामा कम्तिमा १ बर्षसम्म काममा लगाउन सक्नेछ । सो बमोजिम सेवा गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

बेचन प्रसाद बैठा
अध्यक्ष

११. **पढाई छोड्न नहुने:** छात्रवृती लिने विद्यार्थीले बिचैमा पढाई छोड्न पाइने छैन् । छोडेमा सो बापत भएको खर्च निजबाट असुलउपर गरिनेछ ।

१२. **छात्रवृत्ति कोषको स्थापना:** (१) दलित विपन्न तथा सिमान्तकृत योग्य र सक्षम उमेद्वारलाई छात्रवृत्ति प्रदान गर्ने उद्देश्यले गाउँ कार्यपालिकाले गाउँपालिकाको मातहतमा रहने गरी एक छुट्टै छात्रवृत्ति कोषको स्थापना गर्न सक्नेछ ।

(२) कोषको सञ्चालन तथा व्यवस्थापन गर्न गाउँ कार्यपालिकाले आफ्नो छुट्टै नियम तथा कार्यविधि तयार गर्न सक्नेछ ।

(३) कोषको आम्दानी तथा बजेट नेपाल सरकारको प्रचलित कानून तथा स्थानिय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरे बमोजिम हुनेछ ।

(४) कोषको आम्दानी सङ्कलन तथा रकम परिचालन गर्न गाउँपालिकाको सञ्चित कोष रहेको वित्तीय संस्थामा एउटा छुट्टै खाता खोली सञ्चालन गरिनेछ ।

(५) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखाको प्रमुखको संयुक्त दस्तखतबाट खाता सञ्चालन गरिनेछ ।

तर यस दफामा जुनसुकै कुरा उल्लेख गरेको भएता पनि कोषको स्थापना भइनसकेको अवस्थामा गाउँपालिकाले निर्णय गरी छनौट भएका उम्मेद्वारहरुलाई निजको व्यक्तिगतत खाता मार्फत एक पटकका लागि सोझै भुक्तानी गर्न सकिनेछ ।

१३. **कोषको आम्दानी:** कोषमा देहाय बमोजिमको रकम आम्दानीको रुपमा रहनेछ ।

क. गाउँसभाबाट स्वीकृत गाउँपालिकाको बार्षिक बजेट मार्फत छात्रवृत्ति कोषमा जम्मा हुन आउने रकम,

ख. सरकारी तथा गैर सरकारी संघ सस्थाबाट प्राप्त हुन आउने रकम,

ग. वैदेशिक सहयोगबाट प्रचलित कानून अनुसार प्राप्त हुने रकम,

घ. कुनै दाताबाट वा व्यक्तिगत रुपमा प्राप्त सहयोग,

ङ. कुनै कार्यक्रम वा अभियानबाट जम्मा हुन आउने रकम ।

१४. **कोषको लेखा व्यवस्थापन:** कोषको आय ब्ययको लेखा प्रचलित कानून बमोजिम चुस्त दुरुस्त रुपमा राख्नु पर्नेछ ।

१५ **कोषको लेखापरीक्षण:** कोषको आन्तरिक लेखा परीक्षण गाउँपालिकामा भएको आन्तरिक लेखा परीक्षण शाखाबाट र अन्तिम लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

बेचन प्रसाद मेहता
अध्यक्ष

CamScanner

# अनुसूची १

## छात्रवृत्ति पाउन विद्यार्थीले आवेदन दिने ढाँचा

विद्यार्थीको नाम थर: (देवनागरीमा) ..........................................................

(अंग्रेजीमा ) ..........................................................

स्थायी ठेगाना :

प्रदेश : जिल्ला : स्थानिय तह :

वडा नं. : गाउँ /टोल :

अभिभावकको नाम थर :

आमाको नाम थर : पेशा : सम्पर्क नं. :

बुबाको नाम थर : पेशा : सम्पर्क नं. :

यस अघि कुनै छात्रबृत्ति पाएको नपाएको ,

पाएको भए उल्लेख गर्ने :

आवेदन दिन वा पढ्न रुची भएको कक्षा :

विषय :

विद्यालय वा विश्वविद्यालय :

अघिल्लो कक्षाको उत्तीर्ण प्रतिशत वा जि.पी.ए. :

सिम्वोल नं. :

एकाघर सगोलमा रहेको परिवारको कुनै सदस्यको पेशा, व्यवसाय वा नोकरी भए नभएको :

भएको भए, नाता उल्लेख गर्ने :

नाम उल्लेख गर्ने :

नम्बर उल्लेख गर्ने :

विपन्न वा गरिवी परिवार परिचय पत्र भए वा नभएको :

भएमा, परिचय पत्र नं. उल्लेख गर्ने :

सगोलका परिवारका सदस्यका नाममा रहेको जग्गा जमिनको क्षेत्रफल :

जग्गा धनिको नाम :

जग्गाको किसिम :

परिवारको बार्षिक अनुमानित आय :

आफुले कुन समूहबाट आवेदन दिन चाहेको हो रेजा लगाउनु होस

जेहेन्दार

विपन्न

दलित

अपाङ्गता भएको

जनजाति

वेपत्ता शहीद वा घाइते परिवार

माथी उल्लेखित व्यहोरा ठीक साँचो हो, झुठा ठहरे कानुन बमोजिम सहुँला, बुझाउला ।

अभिभावकको नाम : आवेदकको नाम :

दस्तखत : दस्तखत :

देवब प्रसाद मेहता
अध्यक्ष

# अनुसूची २

दलित वर्गमा सुचीकृत जात जातिहरु :

क) पहाडी मूल :

१ गन्धर्व (गाइने)
२ परियार (दमई, दर्जि, सुचिकार, नगर्ची, ढोली, हुड्के)
३ बादी
४ विश्वकर्मा (कामी, लोहार, सुनार, ओड, चुनरा पार्की टमटा )
५ मिजार (सार्की, चर्मकार, भूल)
६ पोडे (देउला, पूजारी, जलारी )
७ च्यामे (कुचीकार, च्याम्खल)

ख) मधेशी मूल :

८ कलर
९ ककैहिया
१० कोरी
११ खटिक
१२ खत्वे (मण्डल, खङ्ग)
१३ चमार (राम, मोची, हरिजन, रविदास)
१४ चिडिमार
१५ डोम (मरिक)
१६ तत्मा (ताँती, दास)
१७ दुसाध (पासवान, हजरा)
१८ धोवी (रजक, हिन्दु)
१९ पासी
२० बाँतर
२१ मुसहर
२२ मेस्तर (हलखोर)
२३ सरभङ्ग (सरवरिया)
२४ नटुवा
२५ ढाँडी
२६ धरिकर/ धन्का ।

वेचन प्रसाद मेहता
अध्यक्ष

# अनुसूची ३
## कबुलियतनामा

प्रदेश ................. जिल्ला ....................... देवानगञ्ज गाउँपालिका वडा नं. ............ मा स्थायी बसोबास भएको श्री ......................... को नाति नातिनी श्री.................को छोरा छोरी वर्ष ................ को म ................................. यस देवानगञ्ज गाउँपालिकाबाट ...............................तहको ........................ विषयमा अध्ययन तालिमका लागि .............................................. विद्यालय विश्वविद्यालय संस्था देशमा निःशुल्क सशुल्क आंशिक छात्रवृत्तिमा छनौट भएकोले सो अध्ययन तालिम पुराहुना साथ छात्रवृत्ति सम्बन्धि कार्यविधि २०८१ वमोजिम गर्नु पर्ने सम्पूर्ण काम गर्नेछु। सो बमोजिम नगरेमा मैले छात्रवृत्ति बापत पाएको आर्थिक सुविधा र अध्ययन तालिममा जादा आउदा लागेको यतायात खर्च लगायत मैले प्राप्त गरेको अन्य खर्च वापतको रकम समेत बुझाउने छु, सो रकम मैले नवुझाएमा मेरो घर घराना चल अचल जायजेथा सम्पतिवाट सरकारी बाँकी सरह असुल गरेमा मेरो मन्जुरी छ भनि यो कबुलियतनामा पत्रमा ल्याप्चे सही छाप गरी ........................................ मार्फत देवानगञ्ज गाउँपालिकामा बुझाएको छु।

छात्रवृत्ति पाउनेको
नाम :
हस्ताक्षर :
सम्पर्क ठेगाना :
मिति :
सम्पर्क नम्बर :

देचन प्रसाद मेहता
अध्यक्ष

CamScanner